मिति २०८१/१०/२८ गते सोमबार आ.ब.०८१/०८२ को नगर कार्यपालिकाको नवौं कार्यपालिका आकस्मिक बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि. नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>विद्यालय बस दुर्घटना सम्बन्धमा ।</td><td>मिति २०८१/१०/२७ गते बा १ क ५६६४ नम्बरको जुनकिरी स्कुलको बस दक्षिणकाली नगरपालिका वडा नं. ३ स्थित डोल्लु खोला नजिक दुर्घटना भएको सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियोः<br>क) दुर्घटनामा ज्यान गुमाउने राधाकृष्ण मगर र बालक बिपिन श्रेष्ठ प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजन तथा आफन्तजनहरुप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइते बालबालिकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।<br>ख) राजधानीका विभिन्न अस्पतालहरुमा उपचाररत घाइते बालबालिका तथा व्यक्तिहरुको उपचारमा कुनै कमि हुन नदिन सम्बन्धित अस्पताल, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र कीर्तिपुर नगरपालिका, सम्बन्धित विद्यालयहरु तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय, पहलकदमी र सहयोग गर्ने । साथै उपचारलाई थप प्रभावकारी बनाउन नगर प्रमुखको नेतृत्वमा उपचाररत सबै अस्पतालहरुमा स्थलगत निरीक्षण गर्ने ।<br>ग) मृतकको परिवारलाई जनही रु.२५,०००।-(अक्षरेपी पच्चिस हजार) सहायता उपलब्ध गराउने ।<br>घ) मिति २०८१ माघ २८ गते सोमवार १ दिन यस नगरपालिका भित्र रहेका सबै शैक्षिक संस्थाहरुमा शोक बिदा दिने ।<br>ङ) उद्धार एवं उपचारमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा स्वयंसेवी संस्थाहरु, आमनागरिक समाज सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्ने ।<br>च) दुर्घटना सम्बन्धमा जाँचबुझ गरी ७(सात) दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको छानबिन समिति गठन गर्ने ।<br>१) श्री बसन्ती तामाङ डंगोल, नगर उप-प्रमुख - संयोजक<br>२) श्री अमृका बलामी, नगर प्रवक्ता - सदस्य<br>३) श्री योस कुमार वाइवा, विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य<br>४) श्री शैलेसमान मानन्धर, सुशासन तथा संस्थागत विकास समिति संयोजक - सदस्य<br>५) श्री प्रचण्डमान सिंह बस्नेत, वडा नं.३ का वडाध्यक्ष - सदस्य<br>६) श्री प्रकाश विशुंन्के, सामाजिक विकास समिति संयोजक - सदस्य</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ७) ईलाका प्रहरी कार्यालय, फर्पिङ, काठमाडौंका प्रमुख - सदस्य<br>८) ट्राफिक प्रहरी कार्यालय, फर्पिङ, काठमाडौंका प्रमुख - सदस्य<br>९) नगर प्रहरी बल, फर्पिङ, काठमाडौंका प्रमुख - सदस्य<br>१०) दक्षिणकाली नगर बाल अधिकार समिति संयोजक - सदस्य<br>११) श्री जनार्दन रिजाल, शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख - सदस्य सचिव |